apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्षः १२ ● अंकः १६३ ● पृष्ठः ४ ● १६ असार २०८३ मंगलबार (30 June 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/



पत्रकारमाथि दुर्व्यवहार भएको घटनाप्रति पत्रकार महासंघ सिरहाको आपत्ति, निष्पक्ष छानबिन र कारबाहीको माग

समाचार पृष्ठ ३

## सिरहामा सन्त कबीरको ६२९औँ प्रकट्य दिवस मनाइयो, सत्य, समता र मानवीय एकताका सन्देशमा जोड

अपन दैनिक संवाददाता
सिरहा, असार १५ गते





मानवता, सत्य, अहिंसा, सामाजिक समता तथा धार्मिक सहिष्णुताका प्रवर्तक सन्त कबीर साहेबको ६२९औं प्रकट्य दिवस (जन्म जयन्ती) आज सोमबार सिरहामा विविध धार्मिक तथा आध्यात्मिक कार्यक्रमका साथ मनाइएको छ।

सिरहा नगरपालिका-११ भलुवाही निवासी महात्मा रामदयाल साहेब तथा स्थानीयवासीको आयोजनामा सम्पन्न कार्यक्रममा नेपाल र भारतका कबीर पन्थका साधु-सन्त, महन्थ, प्रवचनकर्ता, बुद्धिजीवी, नागरिक समाजका प्रतिनिधि तथा श्रद्धालुहरूको सहभागिता रहेको थियो।

आयोजक महात्मा रामदयाल साहेबले सन्त कबीरको दर्शन सम्पूर्ण मानव जातिलाई सत्य, प्रेम, अहिंसा, समानता र सद्भावको मार्गमा अघि बढाउने जीवनदर्शन भएको बताए। उनले कबीरको शिक्षाले जात, धर्म, भाषा र सम्प्रदायभन्दा माथि उठेर मानवताप्रति समर्पित जीवन जिउन प्रेरित गर्ने उल्लेख गरे।

उनका अनुसार कबीर साहेबले समझदारी, इमान्दारी, जिम्मेवारी र बहादुरीलाई जीवनको आधार मानेर सरल, अनुशासित र नैतिक जीवनशैली अपनाउन प्रेरित गरेका छन्। आजको बदलिँदो सामाजिक परिवेशमा कबीरका विचार र शिक्षाको सान्दर्भिकता झनै बढ्दै गएको उनको भनाइ थियो।

कार्यक्रममा राजकुमार साहेबले समाजमा बढ्दो विभाजन, अन्धविश्वास, छुवाछुत, सामाजिक विकृति तथा कुरीतिविरुद्ध कबीर साहेबका विचार अझ प्रभावकारी र सान्दर्भिक रहेको बताए। उनले मानवीय एकता, सामाजिक समता, नैतिक आचरण र प्राणीमात्रप्रतिको करुणा आजको समाजको प्रमुख आवश्यकता भएको उल्लेख गर्दै कबीर दर्शनलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिए।

त्यसैगरी, सुरुज साहेबले कबीर साहेबको दर्शन कुनै एक समुदाय वा धर्ममा सीमित नभई सम्पूर्ण मानव समाजका लागि मार्गदर्शक सिद्धान्त भएको बताए। उनले सत्य, नैतिकता, श्रम, सहिष्णुता र पारस्परिक सम्मानलाई जीवनको आधार बनाउँदै सामाजिक सद्भाव कायम गर्न सबैले कबीरका शिक्षालाई आत्मसात गर्नुपर्ने धारणा व्यक्त गरे।

भारतको ललमनियाबाट आएका महात्मा श्याम साहेबले कबीर सागरमा उल्लेखित प्रसंग उद्धृत गर्दै सद्गुरु कबीर साहेबको प्रकट्य संवत् १४५५ (सन् १३९८) को जेठ पूर्णिमाका दिन ब्रह्ममुहूर्तमा वाराणसीस्थित लहरतारा तालमा फुलेको कमलको फूलबाट भएको धार्मिक विश्वास रहेको बताए। उनका अनुसार त्यसपछि नीरु र नीमा नामका जुलाहा दम्पतीले कबीर साहेबलाई पालनपोषण गरेका कारण उनका अनुयायीहरूले यस दिनलाई 'प्रकट्य दिवस' का रूपमा श्रद्धापूर्वक मनाउने परम्परा रहेको छ।

कार्यक्रममा कबीर वाणी पाठ, भजन-कीर्तन, सत्सङ्ग तथा

बाँकी पृष्ठ ३

## बालेनलाई रन्जित कर्णको प्रश्न- जनकपुरको अधिकार खै ?

अपन दैनिक संवाददाता
सिरहा, असार १५ गते



नेपाली कांग्रेसका सांसद रन्जित कर्णले संविधान कार्यान्वयन र संघीयता मर्म अनुसार अधिकार विकेन्द्रीकरणको विषयमा सरकारसँग जवाफ माग गरेका छन्।

'काठमाडौंक सिंहदरबार त बनल, मुदा हम्मर जनकपुरक अधिकार कतय गेल ?' प्रधानमन्त्री बालेनलाई मैथिली भाषामै उनको प्रश्न छ।

२१ फागुन २०८२ को निर्वाचन अगाडि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ५ माघ २०८२ मा जनकपुरमा पहिलो आमसभा राखेको थियो। उक्त आमसभालाई सम्बोधन गर्दै बालेनले प्रदेशलाई अझ बलियो बनाउनुपर्ने बताएका थिए।

त्यसबेला बालेन भावी प्रधानमन्त्रीको रूपमा अघि सारिएका थिए। मधेशको स्थानीय पहिरन लगाएर उनले मैथिली भाषामा सम्बोधन गरेका थिए। उनले भनेका थिए, 'काठमाडौंमा पुछिछला, जनपुरमा पुछिएकी राष्ट्रिय स्वतन्त्र पार्टीके संघीयता प्रतिके, प्रदेशप्रतिके धारणा कथिहे। हम यी कह चहिएछ कि प्रदेश आरो बल्गर बनाबके हे।'

अर्थात्, प्रदेशलाई अझ बलियो बनाउनुपर्छ भन्ने उनको धारणा थियो। प्रदेशले ५० हजारको धारा

बाँकी पृष्ठ ४

## पानीको शिलप्याक बोतलमा किरा भेटिएपछि दुई लाख जरिवाना, सम्पूर्ण बोतल बजारबाट फिर्ता ल्याउन निर्देशन

अपन दैनिक संवाददाता
सिरहा, असार १५ गते





खानेपानीको शिलप्याक बोतलमा किरा भेटिएपछि सिरहाको लहानस्थित एक खानेपानी उत्पादक कम्पनीलाई दुई लाख रुपैयाँ जरिबाना गरिएको छ। लहानस्थित इलाका प्रशासन कार्यालयले लहान- ८ स्थित के.बी. एण्ड सन्स कम्पनीलाई दुई लाख रुपैयाँ जरिबाना गरी बजारबाट उक्त ब्याचका पानीका सम्पूर्ण बोतलहरु फिर्ता ल्याउन निर्देशन दिएको हो।

इलाका प्रशासन कार्यालयका प्रशासकीय अधिकृत शिवनारायण साहले सोमबार विज्ञप्ति जारी गर्दै कम्पनीबाट बिक्री वितरण गरिएको शिलप्याक बोतलभित्र किरा भेटिएको गुनासोपछि कार्यालयको निरीक्षण टोलीले अनुगमन गर्दा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको पाइएकाले आर्थिक जरिबाना गरिएको

बाँकी पृष्ठ ४

## सामान्य वर्षामै सप्तरीमा भासियो हुलाकी सडक

अपन दैनिक संवाददाता
सप्तरी, असार १५ गते



सप्तरीमा सामान्य वर्षामै हुलाकी सडक भासिएको छ। दुई दिनअघि भएको वर्षाका कारण 'रेनकट' लागेर विष्णुपुर गाउँपालिका-१, खुरहुरिया टोलभन्दा पूर्वतर्फ रहेको पुलछेउमै सडक भासिएको हो।

कम चौडाइ रहेको उक्त पुलबाट यसअघि नै चारपांग्रे सवारीसाधन एकतर्फी रुपमा आवागमन हुँदै आएको छ। तर, अहिले पुलछेउमै सडक भासिँदा सवारीसाधन आवागमनमा थप समस्या भइरहेको वडाध्यक्ष बलराम यादवले बताए।

'सडक भासिँदा अहिले दुर्घटनाको जोखिम बढेकोले हामीले स्थानीयस्तर बाट हुनसक्ने तत्काल सडक मर्मत गर्न तयारी गरिरहेका छौं' उनले भने, 'तर, जल तथा मौसम विज्ञान विभागले भोलि र पर्सी यस क्षेत्रमा भारी वर्षा हुने अनुमान गरेकोले ठोस पहलका लागि सम्बद्ध कार्यालयको पनि ध्यान पुग्नु जरुरी छ।'

हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय इटहरीका सूचना अधिकारी इन्जिनियर उपेन्द्र दासले राजविराजदेखि पश्चिमतर्फको सडक खण्ड ४ महिनाअघि नै सडक डिभिजन कार्यालय लहानलाई हस्तान्तरण गरिसकेको बताए। 'अब उक्त सडकको मर्मतसम्भारलगायतका कार्य डिभिजन कार्यालयले नै गर्नेछ,' उनले भने।

सडक डिभिजन कार्यालयका प्रमुख सीडीई ध्रुवकुमार झाले सडकको 'इर्मेजेन्सी वर्क' सिल कोटेसनमार्फत गरिने तयारी रहेको बताए। 'खर्च कम गर्नका लागि हामीले न्यूनतम ७ दिने सूचना प्रकाशन गरेर ती कार्यहरु अघि बढाउछौं,' उनले भने, 'रेनकट लागेर सडकमा क्षति पुगेको विवरण हामीले अघि नै संकलन गरिसकेका छौं।'

जिल्लाको पश्चिमी भेगमा पूर्वपश्चिम राजमार्गभन्दा दक्षिणतर्फ

बाँकी पृष्ठ २

## गृहमन्त्रीको निर्देशन- मेरो गाडीको कालो सिसा पनि हटाउनुस्

अपन दैनिक संवाददाता
काठमाडौं, असार १५ गते

सार्वजनिक र निजी सवारी साधनमा जडान गरिएको कालो सिसा हटाउने कामलाई तीव्रता दिन गृहमन्त्री सुधन गुरुङले ट्राफिक प्रहरीलाई निर्देशन दिएका छन्। सोमबार काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा पुगेर गुरुङले कालो सिसा हटाउने अभियानलाई तीव्रता दिन निर्देशन दिँदै आफ्नो गाडीको सिसा पनि हटाउन भनेका हुन्।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका एसएसपी सुरेश काफ्ले र अन्य अधिकृतहरूलाई निर्देशन दिँदै गुरुङले भने, 'मेरो गाडीमा जडान भएको कालो सिसा पनि हटाउनुस्।'

गृहमन्त्रीले चढ्ने गाडीमा कालो सिसा राख्ने प्रचलन थियो। तर, गुरुङ धेरैजसो आफ्नै गाडीमा यात्रा गर्दै आएका छन्। उनको निर्देशनपछि ट्राफिक प्रहरीले गृहमन्त्रीले प्रयोग गर्दै आएको गाडीको कालो सिसा पनि हटाउने भएको छ। उपत्यका ट्राफिक प्रहरी कार्यालयका एक जना अधिकृत भन्छन्- 'उहाँको गाडीको कालो सिसा पनि अब हटाउँछौं।'

असार १४ देखि ट्राफिक प्रहरीले उपत्यकामा चल्ने निजी तथा सार्वजनिक सवारीमा जडान गरिएको कालो सिसाका स्टिकर हटाउन थालेको छ। पहिलो चरणमा कालो स्टिकर हटाउन थालिएको हो।

कम्पनीबाट कालो सिसा जडान भएका गाडीहरूको सिसा परिवर्तन गर्नेबारे ट्राफिक प्रहरीले गाडी बिक्रेता कम्पनीहरूसँग सोमबार छलफल गरिरहेको छ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका सूचना अधिकारी एसपी नरेश सुवेदीले



भने- 'कतिपय गाडीमा कम्पनीबाट नै कालो सिसा जडान भएर आएको भेटियो, त्यसबारे छलफल गर्दैछौं।'



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### विश्वसनीय पत्रकारिताको आवश्यकता र जिम्मेवारी

पत्रकारिता लोकतन्त्रको मेरुदण्ड हो । नागरिकलाई सत्य, तथ्य र सन्तुलित सूचना उपलब्ध गराउनु मात्र पत्रकारिताको दायित्व होइन, समाजमा उत्तरदायित्व, सहिष्णुता, पारदर्शिता र लोकतान्त्रिक संस्कृतिको विकास गर्नु पनि यसको मूल उद्देश्य हो । पछिल्लो समय सूचना प्रविधिको तीव्र विस्तार, सामाजिक सञ्जालको बढ्दो प्रभाव तथा भ्रामक सूचनाको बाढीका बीच पत्रकारिताको विश्वसनीयता र व्यावसायिकता थप चुनौतीपूर्ण बन्दै गएको छ। यही सन्दर्भमा सिरहामा आयोजित "विश्वसनीय, मर्यादित र व्यावसायिक पत्रकारिता प्रवर्द्धनका लागि आचारसंहिता तथा भाषा-शैलीसम्बन्धी अभिमुखीकरण" कार्यक्रम समयानुकूल र अत्यन्तै सान्दर्भिक पहल हो। सिरहा बहुभाषिक, बहुजातीय तथा सामाजिक विविधताले सम्पन्न जिल्ला हो । यहाँका राजनीतिक, सामाजिक र आर्थिक विषयहरू संवेदनशील हुने भएकाले पत्रकारिताले झन् बढी जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्छ। कुनै पनि अपुष्ट समाचार, पक्षपातपूर्ण प्रस्तुति वा उत्तेजनात्मक भाषाको प्रयोगले समाजमा अनावश्यक भ्रम, अविश्वास र द्वन्द्व सिर्जना गर्न सक्छ। त्यसैले तथ्यमा आधारित, निष्पक्ष र सन्तुलित पत्रकारिता सिरहाको सामाजिक सद्भाव र लोकतान्त्रिक संस्कृतिका लागि अपरिहार्य छ।

आज डिजिटल माध्यमको विस्तारसँगै समाचारभन्दा पहिले अफवाह फैलिने अवस्था सिर्जना भएको छ। सामाजिक सञ्जालमा स्रोत नखुलेका सामग्री, कृत्रिम रूपमा सम्पादन गरिएका दृश्य तथा अपुष्ट सूचनाले जनमानसलाई भ्रमित बनाइरहेका छन् । यस्तो अवस्थामा व्यावसायिक पत्रकारिताको महत्व झन् बढेको छ । पत्रकारले सूचना प्रकाशित वा प्रसारण गर्नुअघि तथ्यको पुष्टि गर्ने, सम्बन्धित पक्षको धारणा समेट्ने र आचारसंहिताको पूर्ण पालना गर्ने संस्कृतिलाई अझ बलियो बनाउन आवश्यक छ । सिरहामा क्रियाशील सञ्चारमाध्यम र पत्रकारहरूले विगतदेखि स्थानीय समस्या उजागर गर्ने, विकास निर्माणका सवाल उठाउने, भ्रष्टाचार र अनियमिततामाथि खबरदारी गर्ने तथा नागरिकका आवाजलाई राज्यसम्म पुऱ्याउने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । तर बदलिँदो सञ्चार परिवेशमा उनीहरूको क्षमता अभिवृद्धि, भाषा-शैलीको परिष्कार, डिजिटल पत्रकारिताको दक्षता तथा अनुसन्धानमूलक पत्रकारिताको विकासमा निरन्तर लगानी आवश्यक छ ।

यस्ता अभिमुखीकरण र तालिमले पत्रकारलाई केवल दक्ष मात्र बनाउँदैन, उनीहरूको नैतिक प्रतिबद्धतालाई पनि सुदृढ बनाउँछ । पत्रकारिता कुनै व्यक्ति, दल वा समूहको हितरक्षा गर्ने माध्यम होइन । यो सार्वजनिक हितको पक्षमा उभिने सामाजिक दायित्व हो। पत्रकारले आलोचना गर्दा पनि प्रमाण र तथ्यको आधार लिनुपर्छ, प्रशंसा गर्दा पनि निष्पक्षताको सीमालाई नाघ्नु हुँदैन । जनविश्वास एकपटक गुमेपछि त्यसलाई पुनः स्थापित गर्न कठिन हुन्छ। त्यसैले पत्रकारिताको सबैभन्दा ठूलो सम्पत्ति विश्वास नै हो । पत्रकारहरूको निरन्तर क्षमता विकास, आचारसंहिता कार्यान्वयन र व्यावसायिक सुरक्षामा संयुक्त रूपमा ध्यान दिन आवश्यक छ । साथै, स्थानीय सञ्चारमाध्यमहरूले तथ्य परीक्षण -फ्याक्ट-चेक), अनुसन्धानमूलक पत्रकारिता तथा सार्वजनिक सरोकारका विषयलाई प्राथमिकतामा राख्ने संस्कृतिको विकास गर्नुपर्छ। विश्वसनीय, मर्यादित र उत्तरदायी पत्रकारिताले मात्र लोकतन्त्रलाई बलियो बनाउँछ । समाजमा विश्वास कायम गर्छ र विकासको सही दिशामा जनमत निर्माण गर्न सक्छ । सिरहाको पत्रकारिता पनि यही मूल्य, मान्यता र व्यावसायिक आदर्शलाई आत्मसात गर्दै अघि बढ्न सकेमा यसले जिल्लाको सामाजिक सद्भाव, सुशासन र समग्र विकासमा अझ प्रभावकारी योगदान पुऱ्याउनेछ। समयको माग पनि यही हो, र पत्रकारिताको वास्तविक धर्म पनि यही हो। यसलाई सिरहा जिल्लाका पत्रकारहरुले गम्भीरतापूर्वक बुझ्नुपर्ने र परिपालना गरी नागरिकको हितमा अघि वढ्नु पर्छ।

### सामान्य वर्षामै सप्तरीमा भासियो ............

भारतीय सिमानाआसपास बसोबास गर्ने सर्वसाधारणलाई राजविराजसम्म जोड्ने यस सडकमा दैनिक हजारौं सवारीसाधन गुड्ने गर्छन्।

# मधेश प्रदेशमा अस्पतालजन्य फोहोरको संकट- संक्रमणको जोखिम बढ्दो

**सुरेश बिडारी**



पर्साको पोखरिया प्रादेशिक अस्पतालको मूलगेटबाट छिर्नेबित्तिकै फोहोरको गन्ध ह्वास्स नाकमा ठोकिन्छ । अस्पतालको पश्चिमतर्फ खुला ठाउँमा थुपारिएको फोहोरको डंगुरका कारण अस्पताल जाने जो कोही नाक छोपेर हिँड्छन् ।

'त्यही डंगुरमा घाउ सफा गरेको कपडा, सिरिन्ज, प्याड, प्लास्टिकलगायत अस्पतालबाट निस्केको सबै फोहोर हुन्छ,' नजिकै अतिमा फार्मेसी सञ्चालन गरेका अब्बास अन्सारी भन्छन्, 'गन्हाएर बसिनसक्नु छ । १०/१५ दिनमा नगरपालिकाको गाडी आएर लैजान्छ तर दुर्गन्ध र फोहोर कहिल्यै सफा हुँदैन ।'

५० शय्याको पोखरिया अस्पताल बाट दैनिक निस्किने विभिन्न खालको फोहोरलाई स्रोतमै वर्गीकरण गर्ने प्रणालीसमेत प्रभावकारी छैन । सरसफाइकर्मीहरूका अनुसार संक्रामक, सामान्य र पुनः प्रयोग गर्न मिल्ने फोहोर छुट्टाछुट्टै राख्न आवश्यक प्लास्टिकको थैला र सामग्री नै धेरैजसो उपलब्ध हुँदैन।

'फोहोर व्यवस्थापन हुन नसक्दा हामी आफै जोखिममा छौं,' सिनियर अनमी दीपिका सिंह भन्छिन्, 'यही कारण लज्जित हुनुपर्छ।'

अस्पतालमा पहिले निर्माण गरिएको 'प्लेसेन्टा पिट' (सालनाल, मानव अंग-प्रत्यंग र जैविक फोहोरलाई सुरक्षित रूपमा विसर्जन गर्ने ठाउँ) जीर्ण भएपछि उपयोगमा छैन । प्रदेश सरकारले उपलब्ध गराएको अटोक्लेभ मेसिन ल्याएदेखि नै सञ्चालनमा आएको छैन । संघ सरकारले दिएको स्टेरिलवेभ मेसिन (संक्रमित फोहोर निर्मलीकरण गर्ने मेसिन) पार्किङ क्षेत्रमा थन्किएको छ।

अस्पतालमा उत्पादन हुने संक्रामक फोहोर निसंक्रमण गर्ने र फोहोर व्यवस्थापन प्रणाली नरहेको सिंह बताउँछिन्।

'सबै फोहोर एक ठाउँमा थुपारेपछि नगरपालिकाको गाडी आएर लैजान्छ,' उनले भनिन्।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. आनन्द रौनियार फोहोर व्यवस्थापन गर्न नसकेको स्वीकार्छन्।

'अस्पतालमा बेग्लै फोहोर व्यवस्थापन युनिट, आवश्यक उपकरण, दक्ष जनशक्ति र पर्याप्त बजेट छैन,' उनी भन्छन्, 'अहिले हामीसँग पूर्वाधारसमेत नहुँदा फोहोर व्यवस्थापन गाह्रो भइरहेको छ।'

अस्पतालबाट फोहोर बाहिरिएपछि समस्या झन् जटिल बन्छ । अस्पतालको फोहोर संकलन गर्ने पोखरिया नगरपालिकासँग स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापन त परको कुरा, व्यवस्थित ल्यान्डफिल साइटसमेत छैन।

नगरपालिकाले नगर क्षेत्र र स्वास्थ्य संस्थाबाट संकलित फोहोर एउटै गाडीमा उठाउँछ। ती फोहोर वडा नम्बर ९ स्थित धुताहा खोला किनारमा लगेर थुपारिने नगरपालिकाका सूचना अधिकारी इन्जिनियर अरबिन्द कुमार दुवे बताउँछन्।

नगरपालिकाका सरसफाइ शाखाका नायब सुब्बा विनोद पाण्डे नदी किनारको फोहोर रातिराति जलाउने गरिएको बताउँछन् । यसरी अस्पतालभित्र सुरू भएको अव्यवस्था बाहिर पुगेर वातावरणीय र सार्वजनिक स्वास्थ्यको जोखिममा रूपान्तरण भइरहेको छ।

**प्रदेशभर उस्तै अवस्था**

फोहोर व्यवस्थापन पोखरियाको मात्र समस्या होइन, मधेशका प्रायः सबै अस्पतालमा अवस्था यस्तै छ।

सर्लाहीदेखि बारा, रौतहट हुँदै सिरहासम्म गरिएको स्थलगत अध्ययनले देखाउँछ – मधेश प्रदेशका अधिकांश सरकारी अस्पतालमा स्वास्थ्यजन्य फोहोर व्यवस्थापन राष्ट्रिय मापदण्ड अनुसार हुन सकेको छैन।

कतै करोडौं रूपैयाँ खर्च गरेर बनाइएका संरचना प्रयोगविहीन छन् । कतै अटोक्लेभ बिग्रिएका छन् । कतै फोहोर वार्डमै छुट्ट्याइए पनि संकलनका बेला एउटैमा मिसाइन्छ। कतै पालिकासँग फोहोर व्यवस्थापन गर्ने ठाउँ नै छैन।

यो अवस्थाले स्वास्थ्यकर्मी, सरसफाइकर्मी, फोहोर संकलन गर्ने कर्मचारी र स्थानीय समुदायसमेत संक्रमण तथा वातावरणीय जोखिममा छन्।

सर्लाहीको धनकौलस्थित वैजनाथ आमा-बाल अस्पतालले निर्माण पूरा नहुँदै सेवा सुरू गरेको छ । फोहोरमैला व्यवस्थापनका लागि आवश्यक संरचना तयार नगरिएकोले गाउँपालिकाको सहयोगमा फोहोर व्यवस्थापन भइरहेको मेसु डा. चन्दन राज शर्मा बताउँछन्।

डा. शर्मा भन्छन्, 'कुहिने फोहोर गाउँपालिकाले सुरक्षित स्थानमा डम्प गर्छ। सिरिन्जबाट निडल (सुई) लाई अलग गरिन्छ, निडल जम्मा गरेर राखेका छौं।'

अस्पतालले हाल हेल्थपोस्टको जस्तो सेवा दिइरहेकाले धेरै फोहोर उत्पादन नभएको उनले बताए।

यो अस्पताल २०८१ असार १९ गते स्थानीय तहबाट हस्तान्तरण भई प्रदेश सरकार मातहत सञ्चालन हुँदै आएको छ । स्थानीय तहबाट हस्तान्तरण भई प्रदेशअन्तर्गत आएका ४ सहित प्रदेशका ११ वटै अस्पतालमा फोहोर व्यवस्थापनका लागि आवश्यक प्रबन्ध गर्न नसकिएको प्रदेश स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी राजेश कुमार मिश्र बताउँछन्।

उनले प्रादेशिक स्तरमा स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापनका लागि बर्दिबासमा 'वेस्ट म्यानेजमेन्ट सेन्टर' स्थापना गर्नेबारे छलफल भइरहेको दाबी गरे।

स्थानीय तह मातहत रहेका अस्पतालमा फोहोर व्यवस्थापनको अवस्था झनै खराब छ। बर्थिङ सेन्टर, ल्याबसहितको सेवा सञ्चालनमा ल्याएको चन्द्रनगर गाउँपालिकास्थित आधारभूत अस्पतालमा संक्रामक फोहोर व्यवस्थापनका लागि कुनै व्यवस्था छैन । संक्रामक फोहोर वर्गीकरण नगरी अन्य फोहोरसँगै खाल्डोमा राखिन्छ।

फोहोर वर्गीकरण र वैज्ञानिक व्यवस्थापनका लागि अस्पतालमा आवश्यक उपकरण, पूर्वाधार र जनशक्ति नरहेको प्रमुख डा. आलोक मिश्र बताउँछन्।

**राम्रो भनिएका कलैया, गौर र सिरहामा पनि समस्या**

बाराको कलैया प्रादेशिक अस्पतालमा तीन वर्षअघिसम्म फोहोर व्यवस्थापन ठीकठाकै थियो । अस्पतालमा फोहोर वर्गीकरण हुन्थ्यो। पुनः प्रयोग गर्न मिल्ने सामग्री बिक्री हुन्थ्यो । बाँकी फोहोर नगरपालिकाले लगेर व्यवस्थापन गर्थ्यो।

तर फोहोर व्यवस्थापनको नेतृत्व गर्दै आएका कर्मचारी सरूवा भएसँगै फोहोर व्यवस्थापनको काम अस्तव्यस्त बन्यो । अहिले वार्डमा तीन प्रकारका डस्टबिन राखिए पनि अन्तिम संकलन गर्ने बेलामा सबै फोहोर एउटै प्लास्टिकको पोकोमा मिसाइन्छ।

स्टाफ नर्स मधुकुमारी साफीका अनुसार अस्पतालमा संकलित फोहोर खुला चौरमा थुपारेर राखिन्छ। केही दिनपछि नगरपालिकाको गाडी आएर लैजान्छ।

अस्पतालका लागि जापान सरकार र युएनडिपीको सहयोगमा तीन वर्षअघि निर्मित 'हेल्थकेयर वेस्ट म्यानेजमेन्ट सेन्टर' उपयोगमा छैन। प्रदेश सरकारले दिएको अटोक्लेभ मेसिन बिग्रिएर थन्केको छ।

अस्पतालका सूचना अधिकारी राजकिशोर प्रसाद पण्डित फोहोर व्यवस्थापनमा सुधारको प्रयास भइरहेको दाबी गर्छन्।

कलैया अस्पतालसहित उपमहानगर भित्र सञ्चालित अस्पताल तथा अन्य स्वास्थ्य संस्थाबाट निस्कने फोहोर संकलन गर्ने कलैया उपमहानगरपालिकासँग व्यवस्थित ल्यान्डफिल साइट छैन।

कलैया नगरपालिकाका सूचना अधिकारी सुरेश यादव नगरभरिको फोहोर संकलन गरेर वडा नम्बर १४ स्थित पसाहा खोला किनारमा जम्मा गर्ने र जलाउने गरिएको बताउँछन्।

रौतहटको गौर प्रादेशिक अस्पताललाई न्यूनतम सेवा मापदण्ड (एमएसएस) मूल्यांकनमा प्रदेशकै उत्कृष्ट अस्पताल मानिएको छ । तर उत्कृष्ट मानिएको अस्पतालमा समेत फोहोर व्यवस्थापन पूर्ण रूपमा व्यवस्थित छैन।


अस्पतालले पुनः प्रयोग गर्न मिल्ने फोहोर बिक्री गर्छ। जैविक फोहोर नगरपालिकालाई बुझाउँछ। सफाइकर्मी तीन सिफ्टमा खटाइएका छन्।

तर, अटोक्लेभ गर्नुअघि फोहोर खुला

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष** : आजको दिन तपाईंको लागि निकै सकारात्मक रहनेछ । रोकिएका अधुरा कामहरू पूरा हुनेछन् ।
**बृष** : स्वास्थ्यमा केही कमजोरी महसुस हुन सक्छ, त्यसैले खानपानमा ध्यान दिनुहोला ।
**मिथुन** : व्यापार-व्यवसायमा राम्रो फाइदा हुने देखिन्छ । पारिवारिक जीवन सुखमय रहनेछ र जीवनसाथीको पूर्ण सहयोग मिल्नेछ।
**कर्कट** : प्रतिस्पर्धीहरूमाथि विजय प्राप्त हुनेछ । रोकिएका पुराना कामहरू आज बन्नेछन् ।
**सिंह** : बौद्धिक तथा रचनात्मक काममा रुचि बढ्नेछ। विद्यार्थी वर्गका लागि अध्ययन-अध्यापनमा सफलता मिल्नेछ।
**कन्या** : घरपरिवार वा सवारी साधनको मामिलामा केही खर्च बढ्ने सम्भावना छ।
**तुला** : पराक्रम र आत्मविश्वासमा वृद्धि हुनेछ । दाजुभाइ तथा सहकर्मीहरूबाट राम्रो सहयोग मिल्नेछ।
**वृश्चिक** : आर्थिक दृष्टिकोणले आजको दिन उत्तम छ। धन आगमनका नयाँ स्रोतहरू फेला पर्न सक्छन्।
**धनु** : मानसिक तथा शारीरिक रूपमा स्फूर्ति र ताजगी महसुस हुनेछ।
**मकर** : अनावश्यक क्षेत्रमा खर्च बढ्न सक्ने भएकाले बजेटमा ध्यान दिनुहोला ।
**कुम्भ** : आजको दिन विशेष लाभदायी रहनेछ। आम्दानीका स्रोतहरू बढ्नेछन् र दीर्घकालीन फाइदा हुने कामको जग बस्न सक्छ।
**मीन** : कर्मक्षेत्रमा ठूलो सफलता मिल्ने योग छ । नोकरी वा व्यवसायमा पदोन्नति वा प्रशंसा पाउनुहुनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# पत्रकारमाथि दुर्व्यवहार भएको घटनाप्रति पत्रकार महासंघ सिरहाको आपत्ति, निष्पक्ष छानबिन र कारबाहीको माग



अपन दैनिक संवाददाता
सिरहा, असार १५ गते

नेपाल पत्रकार महासंघ सिरहा शाखाले समाचार संकलनका क्रममा न्यूज २४ टेलिभिजनका सिरहा संवाददाता दिलीप सहनीमाथि भएको भनिएको दुर्व्यवहारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । महासंघले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै घटनाको निष्पक्ष, स्वतन्त्र र पारदर्शी छानबिन गरी दोषी देखिने जो-कोहीलाई कानुनबमोजिम कडा कारबाही गर्न सम्बन्धित निकायसँग माग गरेको हो।

महासंघका अनुसार असार १३ गते इलाका प्रहरी कार्यालय गोलबजार परिसरमा 'मार्भल' कम्पनीको नाममा बिक्री-वितरण भइरहेको भनिएको डुप्लिकेट पाइपसम्बन्धी समाचार संकलनका क्रममा पत्रकार सहनीमाथि दुर्व्यवहार भएको थियो।

विज्ञप्तिअनुसार भिडियो रिपोर्टिङ गरिरहेका बेला आफूलाई सम्बन्धित कम्पनीको प्रशासन प्रमुख बताउने "दीपक" नामका व्यक्तिले "समाचार अहिले नपठाउनुहोस्, म भनेपछि मात्र पठाउनुहोस्" भन्दै समाचार सम्प्रेषणमा हस्तक्षेप गर्न खोजेको आरोप सार्वजनिक भएको छ।

त्यसपछि इलाका प्रहरी कार्यालय गोलबजारमा कार्यरत सादा पोशाकका प्रहरी कर्मचारी तथा एक प्रहरी नायब निरीक्षक (सई) ले पत्रकार सहनीलाई धकेल्ने, प्रयोगमा रहेको मोटरसाइकल र मोबाइल फोन खोस्ने प्रयास गर्ने तथा "समाचार संकलन गर्न लिखित अनुमति छ कि छैन ?" भन्दै समाचार संकलनमा अवरोध र अभद्र व्यवहार गरेको विषयसमेत सार्वजनिक भएको महासंघले जनाएको छ। घटनासँग सम्बन्धित भिडियो प्रमाणसमेत महासंघलाई प्राप्त भएको विज्ञप्तिमा उल्लेख छ।

महासंघले नेपालको संविधानले सुनिश्चित गरेको "प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्दै सञ्चारकर्मीलाई सार्वजनिक सरोकारका विषयमा निर्भीक रूपमा समाचार संकलन र सम्प्रेषण गर्ने अधिकार सुनिश्चित गरिएको" स्मरण गराएको छ। समाचार संकलनका क्रममा पत्रकारलाई अवरोध गर्ने, डर-त्रास देखाउने वा दुर्व्यवहार गर्नु संविधान, प्रचलित कानुन तथा लोकतान्त्रिक मूल्य-मान्यताविपरीतको कार्य भएको महासंघको ठहर छ।

नेपाल पत्रकार महासंघ सिरहा शाखाका अध्यक्ष मनोज बनैता यादवद्वारा हस्ताक्षरित विज्ञप्तिमा घटनाको निष्पक्ष, स्वतन्त्र र पारदर्शी छानबिन गरी दोषी देखिने जो-कोहीलाई कानुनबमोजिम कडा कारबाही गर्न सम्बन्धित निकायसँग जोडदार माग गरिएको छ।

साथै, भविष्यमा पत्रकारहरूले आफ्नो पेशागत जिम्मेवारी निर्वाह गर्ने क्रममा यस्ता अवरोध वा दुर्व्यवहार भोग्न नपर्ने वातावरण सुनिश्चित गर्न नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित सबै निकायको ध्यानाकर्षण गराइएको छ।

महासंघले लोकतान्त्रिक शासन व्यवस्थामा स्वतन्त्र प्रेसको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै पत्रकारको पेशागत स्वतन्त्रता र सुरक्षामाथि हुने कुनै पनि प्रकारका हस्तक्षेप अस्वीकार्य हुने जनाएको छ। सार्वजनिक सरोकारका विषयमा सूचना संकलन र सम्प्रेषण गर्ने क्रममा सञ्चारकर्मीलाई सुरक्षित र निर्भीक वातावरण उपलब्ध गराउनु राज्यका निकायहरूको दायित्व भएको महासंघले विज्ञप्तिमार्फत स्पष्ट पारेको छ।

## सिरहामा सन्त कबीरको ६२९औं ............

आध्यात्मिक प्रवचनसमेत आयोजना गरिएको थियो। सहभागीहरूले सन्त कबीरका शिक्षाले सामाजिक सद्भाव, नैतिक चेतना, धार्मिक सहिष्णुता तथा मानवताको संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको उल्लेख गर्दै उनका विचारलाई नयाँ पुस्तासम्म पुऱ्याउन यस्ता कार्यक्रम प्रभावकारी हुने धारणा व्यक्त गरेका थिए।

नेपाल तथा भारतका विभिन्न स्थानमा हरेक वर्ष मनाइने कबीर प्रकट्य दिवसले मानवता, समानता, प्रेम र शान्तिको सन्देश प्रवाह गर्दै समाजलाई विभाजन होइन, सहअस्तित्व र सद्भावतर्फ उन्मुख गराउने विश्वास आयोजकहरूले व्यक्त गरेका छन्।

## मधेश प्रदेशमा अस्पतालजन्य फोहोरको संकट ............

ठाउँमा अव्यवस्थित राखिन्छ। तरल फोहोर व्यवस्थापनको छुट्टै प्रणाली पनि बनेको छैन।

अस्पतालका सूचना अधिकारी कपिलदेव झा स्वीकार गर्छन्, 'पहिलेभन्दा सुधार भए पनि अझै धेरै सुधार गर्न बाँकी छ।'

गौर नगरपालिकाको अवस्था पनि फरक छैन। नगरपालिकासँग वैज्ञानिक ल्यान्डफिल साइट छैन। संकलित फोहोर सहरबाहिर खुला स्थानमा थुपारिन्छ।

प्रादेशिक अस्पताल सिरहा पनि विगतमा एमएसएसमा उत्कृष्ट अंक ल्याउन सफल अस्पताल हो। तर अस्पतालको फोहोर व्यवस्थापन प्रणाली बिग्रिएको छ। जैविक फोहोर व्यवस्थापनका लागि बायोग्यास प्लान्ट छैन। फोहोर व्यवस्थापन फोकल पर्सन नर्स अन्जना सिंह महतो डिस्पोज गर्ने ठाउँ नहुँदा फोहोर जलाउने गरिएको बताउँछिन्।

'नगरपालिकाले फोहोर लगिदिएन, अस्पतालमा फोहोर थुप्रिएपछि जलायौं,' उनले भनिन्, 'संकलनमा समस्या छैन, व्यवस्थापनमा समस्या हो।'

फोहोर जम्मा गर्ने ठाउँमा पानी जम्ने हुँदा वर्षायाममा झन् चुनौती थपिने गरेको उनी बताउँछिन्।

स्वास्थ्य निर्देशनालय नर्सिङ सेवा शाखा प्रमुख एवं नर्सिङ प्रशासक सुनिता गुप्ता मधेश प्रदेशका अस्पतालमा अस्पतालजन्य फोहोर व्यवस्थापन ठूलो चुनौती भएको बताउँछिन्।

'फोहोर छुट्ट्याएर राख्छन्, तर व्यवस्थापन गर्ने बेलामा एकै ठाउँमा लगेर फालिदिन्छन्,' उनले भनिन्, 'संक्रामक फोहोर निसंक्रमण गर्न अटोक्लेभको उचित व्यवस्थापन हुन सकेको छैन।'

अस्पतालजन्य फोहोर सार्वजनिक स्थानमा फाल्दा र जलाउँदा जनस्वास्थ्य र वातावरणमा असर परिरहेको उनको भनाइ छ।

### नारायणीमा संकलनमै समस्या

वीरगन्जको नारायणी अस्पतालमा स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापनका लागि आधुनिक केन्द्र सञ्चालनमा छ। करिब दुई करोड रूपैयाँ लागतमा बनेको केन्द्रमा अटोक्लेभ, फोहोर वर्गीकरण कक्ष र जैविक फोहोर व्यवस्थापनका लागि संरचना छन्।

तर अस्पतालभित्रै फोहोर स्रोतमै वर्गीकरण गर्ने अभ्यास कमजोर छ।

नर्सिङ प्रशासक श्रूती साहका अनुसार बिरामी, कुरूवा र कतिपय स्वास्थ्यकर्मीले समेत जुन डस्टबिन भेट्यो, त्यहीँ फोहोर हालिदिन्छन्।

'अटोक्लेभ चलिरहेको छ, प्लासेन्टा र बडी अर्गेन बायोग्यास प्लान्टमा हाल्ने गरेका छौं। तर सेग्रिगेसन (वर्गीकरण) को काममा गाह्रो भइरहेको छ,' उनले भनिन्।

यद्यपि, जैविक फोहोर व्यवस्थापनका लागि बनाइएको बायोग्यास प्लान्ट बिग्रिएपछि मर्मत हुन सकेको छैन।

काठमाडौं विश्वविद्यालयका अनुसन्धानकर्ताले सन् २०२५ मा गरेको अध्ययनले पनि यही निष्कर्ष निकालेको छ– फोहोर व्यवस्थापनको मुख्य समस्या उपकरणको अभावभन्दा बढी वर्गीकरण, तालिम र निगरानीमा कमजोरी हो।

### संक्रमणको डर

जेठ २२ गते बिहान नारायणी अस्पतालको प्रसूति वार्डमा नियमित सरसफाइ गरिरहेकी रमितादेवीको दाहिने हातमा अचानक सुई घोचियो।

'कार्टुन फाल्ने डस्टबिनमा कसैले सुई राखिदिएको रहेछ,' उनी सम्झिन्छिन्, 'पूरै औंला छेड्ने गरी घोच्यो।'

आठ वर्षदेखि नारायणी अस्पतालमा सरसफाइकर्मीका रूपमा काम गरिरहेकी ३८ वर्षीया रमितादेवीका लागि यो पहिलो घटना थिएन। चिकित्सकको सल्लाह अनुसार उनले टिटानसको सुई लगाएपछि संक्रमणबाट जोगिन केही सातासम्म औषधि खानुपऱ्यो।

'हामीलाई तालिम दिइएको छ, सावधानी पनि अपनाउँछौं,' उनी भन्छिन्, 'तर अरूले सुई जथाभावी फालिदिँदा हाम्रो ज्यान जोखिममा पर्छ।'

रमितादेवीको अनुभव मधेशका धेरै सरसफाइकर्मीको साझा कथा हो।

बाराको कलैया प्रादेशिक अस्पतालमा तीन वर्षदेखि कार्यरत सोनम रामलाई चार पटक सुईले घोचिसकेको छ।

'सेफ्टी बक्स हुन्छ,' उनी भन्छिन्, 'तर सबैले सुई त्यहाँ फाल्दैनन्। अरू फोहोरसँग मिसाइदिँदा थाहा नपाई चोट लाग्छ।'

कलैयामै ज्यालादारीमा काम गरिरहेकी रिंकुदेवी खत्री पनि जोखिम धेरै र सुविधा कम भएको बताउँछिन्।

'संक्रमणको डर सधैं भए पनि काम त गर्नैपऱ्यो,' उनी भन्छिन्।

पोखरिया प्रादेशिक अस्पतालकी प्रतिमा देवीको गुनासो फरक छ।

'हामीलाई नियमित तालिम दिइएको छैन,' उनी भन्छिन्, 'पन्जा र मास्कबाहेक पिपिई सेटसमेत दिँदैनन्।'

उनका अनुसार स्वास्थ्यकर्मीले नै प्रयोग भएका सुई र धारिला सामग्री सुरक्षित स्थानमा नराखिदिँदा सफाइकर्मी सबैभन्दा बढी जोखिममा पर्छन्।

स्वास्थ्य संस्थामा फोहोर व्यवस्थापन गर्नेहरूलाई कम भुक्तानी, तालिमको अभावजस्ता समस्या देखिएका अध्ययनले पनि देखाएको छ। सन् २०२४ मा मधेश प्रदेशका जिल्ला अस्पतालहरूमा गरिएको अध्ययनले स्वास्थ्यजन्य फोहोर व्यवस्थापन निर्देशिकाको पालना अत्यन्त न्यून रहेको निष्कर्ष निकालेको हो।

जोत नारायण पटेल लगायतको टिमले गरेको अध्ययनले सरसफाइ कर्मचारीमा तालिम र ज्ञानको कमी, प्रशासनिक प्राथमिकताको अभाव र नियमित अनुगमन नहुने अवस्थाले गर्दा त्यसो भएको ठहर गरेको छ।

### तथ्यांकले देखाएको प्रदेशव्यापी संकट

स्वास्थ्य निर्देशनालय मधेश प्रदेशका अनुसार प्रदेशभर तीन वटा शिक्षण अस्पताल, दुई विशेष अस्पताल, १३ सामान्य अस्पताल, ५० वटा २५-५० शय्याका अस्पताल, २० सामुदायिक अस्पताल, २३ आधारभूत अस्पताल, ३२ प्राथमिक स्वास्थ्य केन्द्र, ७३८ स्वास्थ्य चौकी, २४३ बर्थिङ सेन्टर र एक हजारभन्दा बढी आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा छन्।

यति ठूलो स्वास्थ्य सञ्जालबाट दैनिक ठूलो परिमाणमा स्वास्थ्यजन्य फोहोर उत्पादन हुन्छ। तर अधिकांश अस्पतालमा संक्रामक फोहोरको वैज्ञानिक व्यवस्थापन हुन नसकेको प्रदेशकै न्यूनतम सेवा मापदण्ड (एमएसएस) मूल्यांकनले देखाएको छ।

आर्थिक वर्ष २०८१/८२ को मूल्यांकन अनुसार प्राथमिक तथा माध्यमिक तहका अधिकांश अस्पतालमा संक्रमण नियन्त्रण र फोहोर व्यवस्थापन कमजोर रहेको उल्लेख छ।

मधेश प्रदेशको एक मात्र सेकेन्डरी 'बी' अस्पताल, प्रादेशिक अस्पताल जनकपुरमा पनि फोहोर पृथकीकरणको अवस्था कमजोर भेटिएको छ। प्रतिवेदनले अस्पतालका सबै विभागमा फोहोर वर्गीकरण प्रणाली पूर्ण रूपमा लागू गर्न सुझाव दिएको छ।

युनिसेफ नेपाल र अन्य विकास साझेदारसँग मिलेर मधेशका स्वास्थ्य संस्थामा फोहोर व्यवस्थापन सुधार कार्यक्रम सञ्चालन गरिरहेको छाया नेपालले ३२ वटा स्वास्थ्य संस्थामा अध्ययन गर्दा एउटै प्रवृत्ति देख्यो।

संस्थाका कार्यकारी अधिकृत आशिष सिंहका अनुसार गौर प्रादेशिक अस्पतालबाहेक अधिकांश अस्पतालमा फोहोर व्यवस्थापनको अवस्था चिन्ताजनक छ।

'धेरै ठाउँमा उपकरणभन्दा पनि प्रणाली कमजोर छ,' उनी भन्छन्, 'संरचना बने पनि सञ्चालन, तालिम, अनुगमन र नेतृत्व कमजोर हुँदा अपेक्षित सुधार हुन सकेको छैन।'

उनका अनुसार अस्पतालमा फोहोर व्यवस्थापनलाई छुट्टै जिम्मेवारीका रूपमा नहेर्ने प्रवृत्तिले समस्या झन् गहिरिएको छ।

### ६ करोडको संरचना, उपयोग शून्य

वीरगन्ज महानगर र जीतपुर-सिमरा उपमहानगर क्षेत्रबाट दैनिक ७५ मेट्रिक टन फोहोर उत्पादन हुन्छ। जसमध्ये वीरगन्जका ४० वटा निजी अस्पताल र तीन सयभन्दा बढी क्लिनिकबाट उत्पादन हुने बायोमेडिकल फोहोरको हिस्सा २.५ मेट्रिक टन छ।

यसबाहेक वार्षिक करिब ३ सय ट्र्याक्टर म्याद गुज्रिएका औषधि र संक्रामक फोहोर संकलन हुने गरेको वीरगन्ज महानगरपालिकाको वातावरण शाखाले जनाएको छ।

वीरगन्ज महानगरपालिका-१६ नगवामा एकीकृत फोहोर व्यवस्थापन केन्द्रमा 'ग्रिन हस्पिटल वेस्ट म्यानेजमेन्ट सेन्टर' र प्लास्टिक प्रशोधन केन्द्र छ। अस्पतालजन्य फोहोर व्यवस्थापनका लागि बनेको आधुनिक देखिने भवनमा अटोक्लेभ, फोहोर वर्गीकरण कक्ष, बायोडाइजेस्टर लगायत उपकरण जोडिएका छन्।

यो सेन्टर स्वास्थ्य संस्थाबाट निस्कने जोखिमयुक्त फोहोर वैज्ञानिक रूपमा प्रशोधन गर्ने उद्देश्यले करिब ६ करोड २२ लाख रूपैयाँ लागतमा निर्माण गरिएको हो। २०७८ मंसिर २७ गते उद्घाटन भएको यो केन्द्रले चार वर्ष पुग्न लाग्दा पनि आफ्नो उद्देश्य अनुसार काम गर्न सकेको छैन।

आवश्यक संरचना भएर पनि पूर्ण प्रयोगमा ल्याउन नसकिएको वीरगन्ज महानगरपालिकाका वातावरण अधिकृत प्रकाश ऐर बताउँछन्। उनका अनुसार मुख्य समस्या अस्पतालबाट आउने फोहोरमै छ।

'अस्पतालमा छुट्टाछुट्टै डस्टबिन राखिएका हुन्छन्, तर अन्तिममा सबै फोहोर एउटै प्लास्टिकमा मिसाएर पठाउँछन्,' उनले भने, 'आवश्यक जनशक्ति नहुँदा र वर्गीकरण गरेर फोहोर नआइदिँदा प्रणाली पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन।'

महानगरका अनुसार बायोमेडिकल वेस्ट प्रशोधनका लागि केन्द्रमा राखिएका दुई वटा अटोक्लेभ मेसिन सञ्चालनमा छैनन्।

### तरल फोहोर व्यवस्थापन झन् ठूलो चुनौती

अस्पतालबाट निस्किने तरल फोहोर मधेशमा झन् ठूलो चुनौती बन्दै गएको छ। अपरेशन थिएटर, डायलाइसिस, ल्याब र अन्य उपचार प्रक्रियाबाट निस्कने दूषित पानीलाई प्रशोधन नगरी सिधै नाली वा खोलामा पठाइने अभ्यास अझै कायम छ।

विशेषज्ञहरूका अनुसार यस्तो तरल फोहोरमा औषधिजन्य अवशेष, ब्याक्टेरिया र रसायन मिसिएको हुन्छ, जसले पानी स्रोतलाई दीर्घकालीन रूपमा प्रदूषित गर्छ। तर प्रादेशिक अस्पतालमा कतै पनि त्यस्तो तरल प्रशोधन गर्ने संरचना तयार नभएको नर्सिङ प्रशासक सुनिता बताउँछिन्।

'आवश्यक संरचना नहुँदा सुख्खा फोहोर बेचिरहेको गौर अस्पतालले पनि लिक्विड वेस्ट म्यानेजमेन्ट गर्न सकेको छैन,' उनले भनिन्।

वातावरण, सरसफाइ एवं स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापन विज्ञ इन्जिनियर चारूश्री नकर्मी स्वास्थ्य संस्थाबाट निस्कने तरल फोहोर व्यवस्थापनका लागि गाइडलाइन नहुँदा पनि समस्या भइरहेको बताउँछिन्।

छाया नेपालका कार्यकारी अधिकृत आशिष सिंहका अनुसार गजेन्द्र नारायण सिंह अस्पतालमा मात्रै दैनिक करिब ७.५ किलोलिटर तरल फोहोर निस्कन्छ, जसको व्यवस्थापनका लागि नयाँ प्लान्ट डिजाइन भइरहेको छ।

'त्यसका लागि ३५ देखि ४० लाख खर्च आउने देखिएको छ,' उनले भने।

### नीति धेरै, कार्यान्वयन कमजोर

मधेशका धेरै अस्पतालमा फोहोरको अन्तिम गन्तव्य नगरपालिकाको फोहोर बोक्ने गाडीबाट नदी किनार वा खुला स्थानमा पुग्ने नै हो।

पोखरिया, कलैया, गौरदेखि अन्य धेरै स्थानीय तहमा स्वास्थ्य संस्थाबाट निस्कने फोहोर घरघरबाट निस्कने सामान्य फोहोरसँगै उठाइन्छ। कतै खोला किनारमा थुपारिन्छ, कतै खुला ठाउँमा जलाइन्छ। यसले अस्पतालभित्र सीमित हुनुपर्ने संक्रमणको जोखिमलाई समुदायसम्म पुऱ्याइदिन्छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ।

फोहोरमैला व्यवस्थापन ऐन, २०६८, जनस्वास्थ्य सेवा ऐन, २०७५, वातावरण संरक्षण ऐन, २०७६ तथा स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापन सम्बन्धी राष्ट्रिय मापदण्डले स्वास्थ्य संस्थालाई आफ्नै फोहोरको सुरक्षित व्यवस्थापन गर्न स्पष्ट जिम्मेवारी दिएका छन्।

यी नियम र कानुन अनुसार जोखिमयुक्त फोहोर स्रोतमै वर्गीकरण गर्नुपर्छ। संक्रमणरहित बनाएर मात्रै अस्पतालबाहिर पठाउनुपर्छ। स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्थापन गर्नुपर्छ। तर स्थलगत अध्ययनले देखाएको अवस्था फरक छ।

### के छ उपाय ?

वातावरण, सरसफाइ एवं स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापन विज्ञ इन्जिनियर चारूश्री नकर्मीका अनुसार यो समस्या केवल उपकरणको अभाव होइन, प्रणालीगत कमजोरी हो।

'अटोक्लेभ, इन्सिनेरेटर वा डस्टबिन मात्र समाधान होइन,' उनी भन्छिन्, 'स्रोतमा वर्गीकरण, तालिम, निगरानी र जिम्मेवारी स्पष्ट नभएसम्म समस्या रहिरहन्छ।'

शून्य फोहोर व्यवस्थापन विज्ञ महेश नकर्मीका अनुसार अस्पतालमा जिम्मेवारीबाट पन्छिने प्रवृत्ति नै मुख्य समस्या हो।

'मान्छे जिम्मेवार भयो भने फोहोर समस्या होइन,' उनी भन्छन्, 'प्रणाली बनाउने, सिकाउने र निरन्तर अनुगमन गर्ने हो भने धेरै कुरा बदलिन्छ।'

वातावरणविद भुषण तुलाधरका अनुसार अस्पतालजन्य फोहोर सामान्य फोहोरसँग मिसिँदा सार्वजनिक स्वास्थ्य संकट गहिरिन्छ।

'घना बस्ती भएको मधेशमा यस्तो अभ्यासले हैजा, श्वासप्रश्वास रोग र दीर्घकालीन वातावरणीय क्षति निम्त्याउन सक्छ,' उनी भन्छन्।

विज्ञहरूका अनुसार मधेशजस्तो घना स्वास्थ्य सञ्जाल भएको क्षेत्रमा केन्द्रीय प्रशोधन केन्द्र (सेन्ट्रल ट्रिटमेन्ट फ्यासिलिटी) मोडल प्रभावकारी हुन सक्छ।

यो मोडलमा धेरै अस्पताल र स्वास्थ्य संस्थाबाट निस्कने संक्रामक फोहोरलाई एकै ठाउँमा संकलन गरी वैज्ञानिक रूपमा प्रशोधन र विसर्जन गरिन्छ। यसले साना स्वास्थ्य संस्थालाई ठूलो लगानी गर्नुपर्ने बाध्यताबाट पनि जोगाउँछ।

इन्जिनियर चारूश्रीका अनुसार तराई-मधेशका लागि यस्तो केन्द्रीय प्रणाली व्यवहारिक विकल्प हो।

अस्पतालमा फोहोर व्यवस्थापन एकाइ नबनाउने, कर्मचारी नराख्ने, कार्यालय सहायक र स्वीपरलाई जिम्मा दिने, स्रोतमा वर्गीकरण नगर्ने, समन्वय नगर्ने जस्ता कारणले स्वास्थ्य संस्थाजन्य फोहोरको दिगो व्यवस्थापन हुन नसकेको विज्ञहरू बताउँछन्।

मधेश प्रदेशका अस्पतालहरूमा स्वास्थ्यजन्य फोहोर व्यवस्थापनको संकट फोहोरको समस्या मात्रै होइन। यो नीति, पूर्वाधार, जिम्मेवारी र कार्यान्वयनबीचको असन्तुलनको परिणाम हो। र, सबैभन्दा महत्त्वपूर्ण, यो संकटलाई सम्हाल्ने स्पष्ट जबाफदेहिता अझै स्थापित भएको छैन।

१६ असार ०८३ मंगलबार
www.apandainik.com
अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# बजेट सिध्याउन पिचमाथि ढलान



अपन दैनिक संवाददाता
वीरगन्ज, असार १५ गते

मधेश सरकारअन्तर्गतको भौतिक पूर्वाधार विकास कार्यालयले वीरगन्ज महानगरपालिका- ११, रानीघाटस्थित कृषि औजार कारखानाअगाडिको मुख्य सडकमा नाला निर्माण नै नगरी ढलान गर्न ठेक्का लगाएपछि स्थानीयले विरोध गरेका छन्।

सामान्य पानी पर्दा पनि सडकमै पानी जम्ने समस्याबाट पीडित स्थानीयले शुक्रबार ठेकेदारले ढलानको काम अगाडि बढाउन थालेपछि विरोध जनाएका हुन्।

भौतिक पूर्वाधार विकास कार्यालयले ४३ लाख २० हजार रुपैयाँमा वीरगन्जको मिश्रा निर्माण सेवालाई उक्त निर्माणको ठेक्का दिएको हो।

उक्त ठेक्काको सम्झौतापत्रमा सडक तथा नाला निर्माण उल्लेख गरिएको छ। कालोपत्रे सडकमा ढलान किन पास गरिएको भन्दै स्थानीयले वडाध्यक्षलाई प्रश्न गरेका थिए।

विगतमा पिच गरिएको उक्त सडकमा अहिले ढलान गर्न लागिएको हो। भौतिक पूर्वाधार विकास कार्यालयका प्राविधिकका अनुसार ढलान गर्नुअघि पुरानो पिच उखेल्ने, ग्रेडिङ गर्ने, ग्राभेल ओछ्याउने, फलामे डन्डी राख्ने र त्यसपछि मात्रै ढलान गर्नुपर्ने मापदण्ड छ।

तर, ठेकेदारले पुरानो पिच नउखेली त्यसैमाथि ढलान गर्ने योजना बनाएको स्थानीयले आरोप लगाएका छन्। कार्यालयका इन्जिनियरको मिलेमतोमा पुरानो पिच नउखेली खाल्डाखुल्डी मात्र पुर्ने तयारी भइरहेको उनीहरूको भनाइ छ।

भौतिक पूर्वाधार विकास कार्यालयका प्राविधिक युवराज पटेलले सम्झौताअनुसार ठेकेदारले गुणस्तर कायम राख्नुपर्ने बताए। ठेकेदारले वडाध्यक्ष अजय चौरासियाकै समन्वयमा काम अगाडि बढाएको इन्जिनियर पटेलले जानकारी दिए।

भौतिक पूर्वाधार विकास कार्यालय, वीरगन्जका प्रमुख राजेशलाल कर्णले इन्जिनियरको रेखदेखमा मापदण्डअनुसार नै काम भइरहेको बताए।

# बाबु दुर्व्यसनी भएपछि आमाले छोडिन्, तीन बालबालिकाको बिचल्ली

अपन दैनिक संवाददाता
सिरहा, असार १५ गते



साथीसङ्गीसँग रमाउँदै खेल्ने अनि पढ्ने उमेरका बालबालिका दुर्व्यसनी बाबुको कारणले आमाले पनि छोडेर हिंडेपछि बिचल्लीमा परेका छन्।

लागूऔषधको दुर्व्यसनमा फसेका बाबुको शारीरक तथा मानसिक यातना खेप्न नसकेपछि आमाले पनि दोसो विवाह गरेर हिंडेसँगै सिरहाको गोलबजार नगरपालिका ९ डण्डाका करिब ८ वर्षीय नाबालक शेकर यादव आफ्ना स-साना भाई बहिनीको अभिभावक बन्न बाध्य छन्। बाबु आमाको माया अनि छत्रछायाँमा देल्खै पढ्ने उमेरका उनी पाँच र तीन वर्षीया बहिनीहरुलाई बोकेर विद्यालय ओहोरदोहोर गरिरहेका छन्।

काँधमा किताबको झोला बोकेर आफ्नै उमेरका साथीहरुसँग विद्यालय जानु पर्ने उमेरका शेखर पिठ्युँमा तीन वर्षीया बहिनी दिव्यांशीलाई बोकेर अर्की बहिनी सोनाक्षीलाई डोर्याउँदै गाउँदेखि करिब एक किलोमिटरको दूरीमा रहेको विद्यालय जाने गरिरहेका छन्। गोलबजार नगरपालिका ९ डण्डास्थित जनता माध्यमिक विद्यालयमा कक्षा ३ मा पढिरहेका शेखरका बहिनीहरु सोनाक्षी र दिव्यांशी क्रमशः कक्षा १ र बाल विकासमा पढिरहेको विद्यालयका शिक्षक प्रमोद सिंहले बताए।

स्थानीयका अनुसार लागूऔषध दुर्व्यसनी बुबाको सास्ती सहन नसकेर करिब दुई वर्षअघि आमाले छोडेर हिंडेपछि तीन बालबालिकाले अभिभावकविहीन भएका हुन्। उनकी आमा सञ्जु कुमारी यादव धनुषाका एक युवासँग हिंडिन् भन्नेसम्म स्थानीय बताउँछन्। बुबा विमल यादव पछिल्ला दिनमा झापाको एक प्लाइउड उद्योगमा काम गर्ने गरेको भनिएपनि पछिल्लो दुई महिनाभन्दा लामो समयदेखि घरमा नआएको र फोन सम्पर्क समेत नभएको शेखरले सुनाए।

आमा बुबा हुवै जीवितै भएपनि आफूहरुको साथ नहुँदा तीन दाजुबहिनी टुहुरा जसरी घरमा बसिरहेका छन्। अभिभावकविहीन बालबालिकालाई बिहान बेलुकाको खाना भने ठूलोबाबु कमल यादवले खुवाइरहेका छन्। बस्ने झुपडी र घडेरीबाहेक केही नरहेका बालापनको कारणले उनीहरूको व्यक्तिगत सरसफाइ गर्न नसक्दा बस्ने घरका कोठाहरु पैरबाट गन्हाउन थालेको छिमेकीहरु सुनाउँछन्।

प्रायः हरेक दिन बिहान ६ बजेतिर उठेपछि शेखरले बहिनीहरूलाई उठाएसँगै बिहानको नित्यकर्म गराएपछि आफू तयार भएसँगै तीन वर्षीया बहिनी दिव्यांशीलाई पिठ्युँमा बोकेर अर्की बहिनी सोनाक्षीको हात समातेर विद्यालयतर्फ जान्छन्। विद्यालय नपुग्दासम्म उनी दाजु मात्र होइनन्, बाबुआमासँगै संरक्षक र सहारा बनिरहेका छन्। विद्यालय छुटेपछि पनि पुनः सानी बहिनीलाई पिठ्युँमा बोकेर, अर्कीको हात समाउँदै शेखर घर फर्किन्छन्।

'बहिनीहरूलाई नुहाउने, लुगा धुने र स्याहार्ने काम पनि मैले नै गर्दै आएको छु' शेखरले भने। अन्यका लागि सामान्य लाग्ने दैनिकी स्वयम् एउटा नाबालकका लागि कति गह्रौं जिम्मेवारी हो भन्ने कुरा उमेरको कारणले उनले पनि बुझ्न सक्केका छैनन्। अभिभावकको अभाव झेलिरहेका उनीहरू नातामा दाजु बहिनीसँगै एक-अर्काको सहारा समेत बनेका छन्।

नाबालकहरु पढिरहेको विद्यालयले दिँदै आएको साबुन, दिवा खाजाले पनि थोरबहुत भरथेग भइरहेको विद्यालयका प्रधानाध्यापक सुरेन्द्र सिंहले सुनाए। 'मैलो आफ्नो वयक्तिगत रकम खर्चिएर उनीहरुको लाउने कपडा किनिदिने गरेको छु' उनले भने। 'दिवाखाजा भएकाले बिहानको खाजा विद्यालयमै खान्छन्' विद्यालयका शिक्षक राजकुमार सिंहले भने 'घर जानेबेला थोरै खाजा दिएर पठाउने समेत गरेका छौं।' बालबालिकाहरुलाई थप सहयोगको आवश्यकता रहेको उनले बताए।

सामान्य आर्थिक अवस्था भएका उनकै उमेरका बहुसंख्यक बालबालिका मोवाइल, खेलौनाहरुसँग हुर्किने भएपनि र स्वयम् नाबालक शेखर आफ्ना स-साना बहिनीहरुका लागि संघर्ष गरिरहेका छन्। 'हरेक बिहान विद्यालय जाने बाटोमा भेटिने शेखर आफ्नो पिठ्युँमा बहिनी बोकिरहेका हुन्छन्' विद्यालयका शिक्षक समेत रहेका स्थानीय प्रमोद कुमार महतोले भने 'त्यहाँ केवल बहिनी मात्र होइन, स्यम् कसैको सहारामा हिंड्नु पर्ने नाबालकको काँधमा एउटा परिवारको आशा, भविष्य र जीवन बाँचिरहेको संघर्षको कथा हो।'

## बालेनलाई रन्जित कर्णको प्रश्न- जनकपुरको .............

जोड्ने काम नगरेर पालिका-पालिका जोडेर काम गर्ने गरी अगाडि बढ्ने वातावरण बनाउने उनको वाचा थियो।

प्रदेशलाई बलियो बनाएपछि अधिकारका लागि काठमाडौं धाउनु नपर्ने उनको विश्वास थियो। जनकपुर प्रदेशके राजधानी भएको र नागरिकले सबै काम प्रदेश बाटै प्राप्त गर्नुपर्ने बताएका थिए। काठमाडौं अधिकार माग्न नभएर घुम्नका लागि जाने गरी, पशुपतिनाथ र स्वयम्भू दर्शन गर्न मात्र जाने गरी काम गर्ने वाचा गरेका थिए।

यस्तो अभिव्यक्ति दिएर जनताको मत पाएर बालेन नै प्रधानमन्त्री बनेको स्मरण गर्दै सांसद कर्णले चुनावी वाचा अनुसार संघीयतालाई बलियो बनाउने र प्रदेशलाइ अधिकार सम्पन्न गराउने गरी के कस्ता काम भए भनेर पश्न गरेका हुन्।

बालेनको भनाइ स्मरण गर्दै कर्णले भने, 'मैथिली भाषाको यो एउटा सामान्य प्रश्न मात्र होइन, यो आज मधेश, कर्णाली र सुदूरपश्चिमका लाखौं उत्पीडित नागरिकको मुटुको ढुकढुकी हो।'

विगतमा व्यवस्था परिवर्तनका लागि बगेको तातो रगत र अहिले व्यवस्था जोगाउन छटपटाइरहेको आम नेपालीको आगोका बीचमा समानता रहेको भन्दै उनले सरकारको ध्यानाकर्षण गरेका हुन्।

यसक्रममा उनले प्रधानमन्त्री बालेनले जनकपुरमा प्रदेशलाई बलियो बनाउने गरी दिएको अभिव्यक्ति स्मरण गरेका हुन्।

सांसद कर्णले भने, 'बालेन्द्र शाहज्यूलाई उहाँकै एउटा पुरानो ऐतिहासिक भाषण स्मरण गराउन चाहन्छु, जुन उहाँले जनकपुरधामको पवित्र धर्तीमा उभिएर भन्नुभएको थियो, प्रदेशलाई यति बलियो बनाउनुपर्छ कि नागरिक काठमाडौं अधिकार माग्न होइन, केवल पशुपतिनाथ र स्वयम्भूनाथ घुम्न, नेपालको इतिहास हेर्न मात्र जाओस्।'

जनकपुरमा मात्रै होइन, बालेनले अन्यत्र गएर पनि संघीयता र प्रदेश अधिकार बारे धारणा राखेका थिए। ति धारणा स्मरण गर्दै सांसद कर्णले थपे, 'कर्णाली पुग्दा उहाँले भन्नुभयो, अब कर्णालीका सुइना (सपना) हम्मा सुइना हुन्। सुदूरपश्चिमको डडेल्धुरा पुगेर गुञ्जायमान हुनुभयो, सुदूर अब दूर नही, झिकाइ झिकाइ माया तम्लाई।'

### कहाँबाट आयो प्रदेश सभा खारेजको नीति

चुनाव अगाडिका वाचा र प्रतिबद्धताका विवरण प्रस्तुत गर्दै सांसद कर्णले प्रधानमन्त्री बालेनलाई प्रश्न गरेका हुन्। साथै, प्रदेश सभा खारेज गर्ने नीतिमा कसरी पुगेको भन्ने प्रश्न पनि उनले सत्तारुढ रास्वपालाई गरेका छन्।

'त्यतिबेला देशका कुनाकाप्चामा पुगेर संघीयताको मर्म र विकेन्द्री करणको वकालत गर्ने नेतृत्व आज सिंहदरबारको कुर्सीमा पुगेपछि किन मौन छ छ? किन आज त्यही नेतृत्वको दल राष्ट्रिय स्वतन्त्र पार्टी ले हालै चितवनको भेला मार्फत प्रदेश सभा खारेज गर्ने राजनीतिक प्रस्ताव पारित गऱ्यो?' कर्णले भनेका छन्।

चितवनमा सम्पन्न रास्वपाको प्रथम महाधिवेशनमा उपसभापति डा. स्वर्णिम वाग्लेले अर्थ-राजनीतिक प्रतिवेदन पेस गरेका थिए।

रास्वपाको प्रथम महाधिवेशनमा प्रदेश सभा खारेजी र स्थानीय तहको संख्या घटाउने अवधारणा पेस भएको छ।

जसमा संख्या र सामर्थ्य पुगेको दिन वर्तमान संविधानको परिमार्जन गर्ने भनिएको छ। यहाँनेर डा. वाग्लेले भनेका छन्, 'प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सांसद मन्त्री नबन्ने प्रणाली, दलविहीन स्थानीय तह एवं ७५३ को संख्यामा एकतिहाइ कटौती, प्रदेश सभाको खारेजीसहित संघीयताको पुनर्संरचना, न्यायपरिषद्लगायत अन्य संवैधानिक अंगहरूको आमूल सुधार, मान्यताप्राप्त राजनीतिक दलको पारदर्शी कोषभरणजस्ता शासकीय सुधारका एजेन्डा रास्वपाले बहसका लागि प्रवेश गराइसकेको छ।'

चुनाव अगाडि प्रदेश बलियो बनाउने वाचा गरेको रास्वपाको महधिवेशनबाट प्रदेश सभा खारेज गर्ने विषय कसरी पास भयो भनेर सांसद कर्णले प्रश्न उठाएका हुन्।

'जनकपुरमा प्रदेश बलियो बनाउनुपर्छ भन्ने, कर्णालीमा कर्णालीको सम्मानको कुरा गर्ने, सुदूरपश्चिममा अधिकारको कुरा गर्ने, अनि काठमाडौं फर्किएपछि प्रदेश खारेजको कार्ड खेल्ने?' सांसद कर्ण भन्छन्, 'यो राजनीतिक स्थिरता होइन। यो त नांगो राजनीतिक अवसरवाद हो, जनतामाथिको ठूलो विश्वासघात हो। चुनाव जित्नका लागि जे पनि बोल्ने र सत्तामा पुगेपछि जनताको अधिकारको घाँटी थिच्ने यस्तो प्रवृत्तिले लोकतन्त्रलाई बलियो बनाउँदैन।'

### १७ हजारको बलिदानी नबिर्सन आग्रह

सांसद कर्णले वर्तमान लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र संघीयता कसैको राजनीतिक सनकको लौरो नभएको र कसैको निगाहमा प्राप्त नभएको बताएका छन्।

'हामीले बिर्सिन मिल्दैन, यही व्यवस्थाका लागि १७ हजार नेपाली जनताले आफ्नो ज्यानको आहुति दिएका छन्,' उनले भनेका छन्, 'मधेश आन्दोलनका घाउहरू अझै ओभिएका छैनन्। जहाँ हाम्रा दाजुभाइले छातीमा गोली थापेर यो देशमा पहिचान र समावेशिताको झण्डा गाडेका थिए। दलित, जनजाति, महिला र उत्पीडित समुदायले दशकौंसम्म गरेको बलिदानी संघर्षको परिणाम हो वर्तमान संविधान।'

तर पछिल्लो समयमा पपुलिजम वा लोकप्रियतावादको सस्तो राजनीति गर्नेहरूले प्रदेश खर्चिलो भयो, यसलाई खारेज गरौं भन्ने गरेको सांसद कर्ण बताउँछन्।

'म सोध्न चाहन्छु, घरको छाना चुहियो भन्दैमा के घर नै भत्काइदिने?' रास्वपालाई उनको प्रश्न छ, 'प्रदेश सरकारमा कमजोरी छन् भने सुधार गरौं, खर्च कटौती गरौं, अधिकार स्पष्ट पारौं।'

वास्तविक समस्या संघीयता नभएर संघीयताको अपूर्ण कार्यान्वयन भएको भन्दै उनले थपे, 'संविधानले दिएका धेरै अधिकार अझै पनि संघीय सरकारले आफ्नो मुट्ठीमा कैद गरेर राखेको छ। निजामती सेवा ऐन र प्रहरी समायोजन ऐन अझैसम्म अगाडि बढाइएको छैन। कर्मचारी पठाइँदैन, स्रोत र साधन केन्द्रमै थुपारेर राखिन्छ।'

यहाँनेर उनको प्रश्न छ, 'खुट्टा बाँधेर दौड प्रतियोगितामा पठाउने, अनि दौडिन सकेन भनेर प्रदेशलाई नै दोष दिने?'

संख्याको बलमा जे पनि गर्न सकिन्छ भन्ने भ्रम नराख्न उनको आग्रह छ।

'म यसै रोष्ट्रमबाट गम्भीरताका साथ चेतावनी दिन चाहन्छु खबरदार बालेनजी। खबरदार यो सरकार। राजनीतिक पपुलिजम र सस्तो लोकप्रियताका लागि संविधानका आधारभूत पिलरहरू भत्काउन खोजियो भने देश अर्को ठूलो दुर्घटनामा फस्नेछ,' कर्ण भन्छन्, 'देशमा फेरि अर्को मधेश आन्दोलन, अर्को दलित आन्दोलन वा अर्को आन्तरिक विद्रोह निम्त्याउने आत्मघाती काम नगरियोस्।'

सरकारले जनताले प्राप्त गरेको अधिकार सहज ढंगले उपभोग गर्न पाउनुपर्ने अन्यथा, आफ्नो अधिकार रक्षाका लागि फेरि सडकमा उत्रन बाध्यउ हुने उनको चेतावनी छ।

उनको आग्रह छ, 'जनताले सुशासन खोजेका हुन्। संविधानको चिरहरण होइन।' संघीयताको घाँटी निमोठ्ने कुत्सित प्रयास गरियो र जनतालाई सस्तो नाराले झुक्याउने काम भयो भने टुलुटुलु हेरेर नबस्ने उनको चेतावनी छ।

'प्रधानमन्त्रीज्यू, सिंहदरबारको बन्द कोठामा चुपचाप मात्र नबस्नुस्, संसद्मा आउनुस् र जनताका यी ज्वलन्त प्रश्नहरूको सिधा जवाफ दिनुस्' कर्णको आग्रह छ, 'जनमत र सत्ता अस्थायी हुन्। जनताको स्मृति धेरै लामो र गम्भीर हुन्छ। कसले के बोलेको थियो र आज सत्तामा पुगेपछि के गर्दैछ, इतिहासको पानामा सबै अभिलेख सुरक्षित छ।'

विकृति सच्याएर जाऔं भन्ने पनि उनको आग्रह छ, 'आउनुस्, वर्तमान प्रणालीभित्र रहेका विकृतिहरूलाई सुधारेर जाऔं। संरचना भत्काउने होइन, त्यसलाई मजबुत बनाएर नागरिकको ढोकासम्म वास्तविक अधिकार र सेवा पुऱ्याऔं।'

## पानीको शिलप्याक बोतलमा किरा भेटिएपछि .............

जनाएका छन्।

विज्ञप्तिमा कम्पनीले उपभोक्ता संरक्षण ऐन २०७५ को दफा १६ को उपदफा २ खण्ड (क) तथा सोही ऐनको दफा ३८ को खण्ड (ङ) बमोजिमको कसुर गरेको पाइएकाले ११ असारको निर्णयानुसार कम्पनीलाई ऐनको दफा ३९ को उपदफा (१)को खण्ड (ख) बमोजिम जरिबाना गरिएको उल्लेख छ। उपभोग्य वस्तु सचेततापूर्वक उपभोग गर्न र कुनै त्रुटी खराबी देखिएमा तत्काल जानकारी गराउन सम्बन्धित सबैलाई विज्ञप्तिमार्फत आग्रह गरिएको छ।

के.बी. एण्ड सन्सका संचालक राकेश महासेठले भने आफ्नो कम्पनीलाई नियोजित रुपमा बदनाम गर्न खोजिएको दाबी गरेका छन्। 'अत्याधुनिक उपकरणबाट सफा गरिए लगत्तै बोतलमा पानी प्याक गरिएको मुस्किलले पाँच सेकेण्डभित्र शिलप्याक गरिन्छ' उनले भने 'आधा दर्जन कामदारले सूक्ष्म निगरानी गरिरहेका हुन्छन्, त्यस्तो लापर्वाही हुनै सक्दैन।'

आफ्नो कम्पनीको पानीको बोतलको प्लाष्टिक शिल अन्यत्र प्रिन्ट गरेर ल्याइने भएकाले त्यही बिचमा केही कैफियत गरिएको हुनसक्ने उनको दाबी छ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।